जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २४७ • २०८३ असार १३ गते शनिवार • 27 Jun. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## शहीद नगरको १५ औं नगरसभा सम्पन्न, ६५ करोड ८० लाखको बजेट सार्वजनिक

दीपक श्रेष्ठ मण्डल
जनकपुरधाम, १२ असार




धनुषाको शहीदनगर नगरपालिका को १५ औं नगरसभा सम्पन्न भएको छ। नगर प्रमुख तथा नगरसभाका सभाध्यक्ष दिनेश प्रसाद यादवको अध्यक्षतामा सम्पन्न नगरसभाले आर्थिक वर्ष २०८३/०८४ का लागि रु. ६५ करोड ८० लाख ३९ हजार बराबरको बजेट प्रस्तुत गरेको छ ।

नगरसभाको उद्घाटन सभाध्यक्ष यादवले पानसमा दीप प्रज्वलन गरी गर्नुभएको थियो। कार्यक्रममा नगरपालिकाका विभिन्न वडाका वडा अध्यक्ष, जनप्रतिनिधि तथा कर्मचारीहरूको सहभागिता रहेको थियो । नगरसभामा प्रमुख प्रशासकीय अधिकृत केशव शर्मा ले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने नगर उपप्रमुख सुनीता कुमारी सिंह ले नीति तथा कार्यक्रमसहित आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा शिक्षा शाखा प्रमुख प्रदीप मुखिया लगायतको उपस्थिति रहेको थियो । प्रस्तुत बजेटअनुसार नगरपालिकाले राजस्व बाँडफाँड बाट रु. १२ करोड ७३ लाख, वित्तीय समानीकरण अनुदानबाट रु. १३ करोड ८० लाख ३९ हजार, सशर्त अनुदानबाट रु. २७ करोड १ लाख, विशेष अनुदानबाट रु. २ करोड ७० लाख तथा सम पूरक अनुदानबाट रु. २ करोड ६० लाख प्राप्त हुने अनुमान गरेको छ । नगरपालिकाले नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमलाई विशेष प्राथमिकतामा राखेको जनाएको छ। वडा नं. १ देखि ९ सम्मका किसानका लागि आवश्यक कृषि विद्युत् महसुल नगरपालिकाले व्यहोर्ने व्यवस्था गरिएको छ। यस्तै, स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्न एम्बुलेन्स सेवा निःशुल्क गर्ने तथा नगरवासीको घरायसी प्रयोजनका लागि मासिक २० युनिट सम्मको विद्युत् महसुल नगरपालिकाले तिर्ने व्यवस्था बजेटमा समावेश गरिएको छ । नगर सभाले शिक्षा, कृषि, स्वास्थ्य, पूर्वाधार तथा जनमुखी विकास कार्यक्रमलाई प्राथमिकतामा राख्दै आगामी योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएको छ ।

## १४ नगरपालिकाले समयमै बजेट ल्याउन सकेन धनुषामा जनकपुरधाम उपमहानगर समेत असफल




जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १२ असार

देशभर रहेका २९३ महानगर, उपमहानगर र नगरपालिकामध्ये धरान उपमहानगर सहित १४ नगरपालिकाले समयमै बजेट ल्याउन नसकेको पाइएको छ । नेपाल नगरपालिका संघले सार्वजनिक गरेको विवरण अनुसार १० असारका लागि ऐनले तोकेको समयभित्र कोशी प्रदेशको धरान उपमहानगरपालिका एक्लैले बजेट ल्याउन सकेन। सबैभन्दा धेरै मधेश प्रदेशमा १० नगरपालिकाको बजेट आउन सकेको छैन ।

मधेशमा जनकपुरधाम उपमहानगरपालिकाकै बजेट सार्वजनिक हुन सकेको छैन । यसबाहेक रौतहटको गरुडा नगरपपालिका, कटहरिया नगरपालिका र फतुवा विजयपुर नगरपालिकाले १० असारभित्र बजेट ल्याउन सकेनन्। यसैगरी सर्लाहीको हरिवन, सिराहाको सुखीपुर, धनुषाको कमला नगरपालिका, जनकपुर उपमहानगरपालिका र विदेह नगरपालिकाको बजेट आउन सकेको छैन । महोत्तरीको जलेश्वर नगरपालिकाको बजेट पनि आएको छैन । बागमतीमा सिन्धुपाल्चोकको मेलम्ची नगरपालिकाको बजेट आउन सकेन । गण्डकी प्रदेशमा बागलुङ नगरपालिकाको बजेट आएको छैन। लुम्बिनी र कर्णाली प्रदेशमा भने सबै नगरपालिकाको बजेट आएको छ । सुदूरपश्चिम प्रदेशमा कैलालीको टिकापुर नगरपालिकाले बजेट ल्याउन नसकेको देखिएको छ ।

यसरी देशभरीका नगरपालिकामध्ये कुल ५ प्रतिशत नगरपालिकामा समयमै बजेट आएको छैन। उता, देशभरिका ४६० गाउँपालिकामध्ये ९७ प्रतिशत पालिकामा कानुनले तोकिएको समय (१० असार) भित्रै आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट सार्वजनिक भएको छ। गाउँपालिका राष्ट्रिय महासंघ नेपालका अनुसार ४४६ वटा गाउँपालिकाले १० असार भित्र गाउँ सभामा बजेट पेश गरेका छन् ।

## नेतृत्व संकट, नीतिगत असन्तुलन आ निजी विद्यालयक भविष्य



लेखक : मुरली मनोहर मिश्र,
(जनकपुर नागरिक समाज, जनकपुर धाम-४, धनुषा, नेपाल)

परम आदरणीय संस्कृति-अनुरागी महानुभाव, ॥

जनकपुरधाम शिक्षा, धर्म, संस्कृति आ सभ्यताक प्राचीन केन्द्र रहल अछि। मुदा वर्तमान समयमे शिक्षा क्षेत्र राजनीतिक प्रभाव, नीतिगत अन्योल, प्रशासनिक कमजोरी आ निजी-सामुदायिक विद्यालयक असन्तुलित प्रतिस्पर्धाक कारण गम्भीर चुनौतीक सामना कऽ रहल अछि। प्रस्तुत विषय एहि संकटक अनेक पक्ष सामने आनैत अछि। एहि आधार पर किछु महत्वपूर्ण प्रश्न उठैत अछि जे की स्थानीय सरकार शिक्षा क्षेत्रमे सन्तुलित भूमिका निभा रहल अछि ? की निजी विद्यालयकेँ केवल नियमनक विषय मानल जा रहल अछि अथवा विकासक साझेदार सेहो ? सबसँ पहिने यी बुझब आवश्यक अछि जे शिक्षा क्षेत्रमे निजी आ सामुदायिक विद्यालय दुनू लोकतान्त्रिक शिक्षाप्रणालीक अभिन्न अंग छथि। निजी विद्यालय रोजगार सृजन करैत अछि, कर तिरैत अछि, आधुनिक शैक्षिक वातावरण उपलब्ध करबैत अछि तथा सरकारी संयन्त्र पर भार सेहो घटबैत अछि। दोसर दिस, सामुदायिक विद्यालय राज्यक सामाजिक दायित्व पूरा करैत अछि। तें दुन्नूकेँ प्रतिस्पर्धी नैइ, पूरक मानल जाए। विषय मे उल्लेखित तथ्य यदि यथार्थपरक अछि, तँ शैक्षिक सत्र प्रारम्भमे अनावश्यक ढिलाइ, भ्रमपूर्ण सूचनाक समय पर खण्डन नैइ होयब, तथा स्थानीय तहक स्पष्ट नेतृत्वक अभावसँ निजी विद्यालयक विद्यार्थी संख्या घटल होयत। शिक्षा जेकाँ संवेदनशील क्षेत्रमे अनिश्चितता स्वयं अभिभावककेँ चिन्तित बनबैत अछि। जखन सरकारक सन्देश स्पष्ट नैइ होइत अछि, तखन अफवाह नीति पर भारी पड़ि जाइत अछि। दोसर महत्वपूर्ण विषय अछि जे अनुगमन। विद्यालयक अनुगमन आवश्यक अछि, कारण शिक्षा गुणस्तर सुनिश्चित करब सरकारक कर्तव्य अछि। मुदा यदि अनुगमन निष्पक्ष, पारदर्शी, समान मापदण्डयुक्त आ सुधारमुखी नैइ भऽ कऽ केवल दबाब वा दण्डक माध्यम बनि जाए, तँ ओकर उद्देश्य विफल भऽ जाइत अछि। नियमन आ उत्पीडनक बीचक अन्तर स्थानीय प्रशासनकेँ बुझब आवश्यक अछि। एहि सन्दर्भ मे सामुदायिक विद्यालयमे विद्यार्थी संख्या अत्यधिक बढ़बाक आ कक्षामे निर्धारित मापदण्डसँ बेसी विद्यार्थी राखबाक प्रश्न सेहो उठाओल गेल अछि। यदि यी अवस्था सत्य अछि, तँ यी सेहो शिक्षा व्यवस्थापनक चुनौती अछि। कानूनक पालन निजी विद्यालय पर मात्र नैइ, सामुदायिक विद्यालय पर सेहो समान रूपेँ लागू होमय। समान मापदण्ड बिना स्वस्थ प्रतिस्पर्धा सम्भव नैइ भ सकैत अछी। तथापि, प्रसंग किछु निष्कर्ष एहन छथि जेकरा सन्तुलित दृष्टिसँ देखबाक आवश्यकता अछि। निजी विद्यालयमे विद्यार्थी घटबाक कारण केवल स्थानीय सरकार नैइ भ सकैत अछि। अभिभावकक आर्थिक अवस्था, निजी विद्यालयक शुल्क संरचना, शिक्षण गुणस्तर, शिक्षक स्थायित्व, विद्यालय व्यवस्थापन, विद्यार्थी परिणाम, तथा सामाजिक धारणा सेहो महत्वपूर्ण कारण भ सकैत अछि। तें सम्पूर्ण जिम्मेवारी एक पक्ष पर देब विश्लेषणकेँ कमजोर बना सकैत अछि। जनकपुरधाम उपमहानगरपालिकासँ अपेक्षा रहैत जे ओ केवल नियमनमे सीमित नैइ रहि

बांकी पृष्ठ ३ मा।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open !
+2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme



33 Years of Academic Excellence

## सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं, ट्राफिक नियम पालना गरौं,
- जोखिमपूर्ण सडकमा सवारी चलाउँदा विशेष ध्यान दिऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमितरुपमा मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी र अस्पतालमा सम्पर्क गरौं ।

**सावधानी अपनाऔं, बचौं र बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवर्द्धनको सुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सुन्दर नेपाल...

*यो मेरो देश छ कत्ति राम्रो नाउँ हो नेपाल*
*यहीं नै ठाउमा चाहन्छु रम्न सुन्दर नेपाल*
*नेपाल देश सयौं छ भाषा जाति र संस्कृती*
*बगैंचा जस्तै भएको छ यो रङ्गिन फुलबारी*
***
*गौतम बुद्ध जन्मेको यहि सुन्दर भुमिमा*
*नेपाल देश छैन है त्यस्तो केहि नि कमिमा*
*हिमाल देखि तराई सम्मा पुगेको यो देश*
*फरक जाति संस्कृतिबाट आएको छ भेषा*
***
*विश्वकै अग्लो हिमाल पनि नेपालमा नै छ*
*नेपाली सबको घरको धुरी त्यहीं हिमाल छ*
*इन्द्रेणी जस्तै रङ्गिन देश यो हाम्रो नेपाल*
*घामको न्यनो किरणसंगै टल्किने हिमाल*
***
*त्यो वनपाखा त्यो खोलानाला मोहित पार्नेछन्*
*हिमाल हासी मुनल डाफे खुशीले नाच्दछन्*
*डाडा र काडा छहरा झर्ने सुन्दर देखिन्छ*
*नेपाली सामु आएमा दुख मिलेर छेकिन्छ*
***
*गुराँस फुलि जङ्गल देख्छ रङ्गी र बिरङ्गी*
*पुतली उड्छ सरर चरा गर्छन् है चिरविरी*
*हुँदैन यहाँ भेद र द्वन्द्व मिलेर बस्दछन्*
*सुख र दुख साटेर यहाँ चहाड मान्दछन्*

***रिमा तामाङ***

# कृषकहरूलाई कृषि सम्बन्धी ५ दिने तालिम सुरु, आधुनिक खेतीतर्फ प्रोत्साहन

**रेविता कुमारी**
**धनुषा, १२ असार**

धनुषाको धनौजी गाउँपालिका-२ स्थित राम जानकी मन्दिर हालमा आज शुक्रबार देखि ५ दिने कृषकहरूका लागि कृषि सम्बन्धी तालिम सुरु भएको छ। समाज विकास सेवा केन्द्रको आयोजनामा तथा धनौजी गाउँ पालिकाको सहयोगमा सञ्चालन भएको उक्त तालिमको अध्यक्षता सुभास यादवले गर्नुभएको थियो।

कार्यक्रमका प्रमुख अतिथि धनौजी गाउँपालिका वडा नं. २ की सदस्य सञ्जु मण्डल रहनुभएको थियो । उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि मण्डलले कृषि नै गाउँको



अर्थतन्त्रको मुख्य आधार भएको बताउँदै आधुनिक प्रविधि र ज्ञानको प्रयोगमार्फत उत्पादन वृद्धि गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, “किसानलाई सीप, प्रविधि र बजार सँग जोड्न सके मात्रै कृषि क्षेत्र आत्मनिर्भर बन्न सक्छ । यस्ता तालिमले कृषकहरूलाई नयाँ ज्ञान र अनुभव प्रदान गरी व्यावसायिक खेतीतर्फ अग्रसर गराउने विश्वास लिएका छौं ।”

अध्यक्ष सुबास यादवले तालिममा सिकाइएका ज्ञान र सीपलाई व्यवहारमा उतार्न कृषकहरू लाई आग्रह गर्दै कृषि क्षेत्रको विकासका लागि सामूहिक प्रयास आवश्यक रहेको बताउनुभयो। उहाँले किसान सशक्त भए मात्र गाउँ र देश समृद्ध बन्ने धारणा व्यक्त गर्नुभयो ।

आयोजकका अनुसार असार १२ गतेदेखि सुरु भएको तालिम असार १६ गते सम्म सञ्चालन हुनेछ । तालिममा धनौजी गाउँपालिका-२ वार्ड सदस्य रोशन मिश्र, वार्ड सदस्य अलि मोहमद, दीपक मिश्र लगायत स्थानीय कृषकहरूको उल्लेख्य सहभागिता रहेको छ भने आधुनिक खेती प्रणाली, तरकारी उत्पादन, रोग तथा कीरा व्यवस्थापन, जैविक मलको प्रयोग लगायतका विषयमा प्रशिक्षण प्रदान गरिनेछ ।

# २५ करोडसम्मका उद्योगको अधिकार मधेश प्रदेशमा, १८८ उद्योगका फाइल हस्तान्तरण

**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, १२ असार**

सात वर्षदेखि कार्यान्वयनको प्रतीक्षामा रहेको उद्योग प्रशासनसम्बन्धी महत्वपूर्ण व्यवस्था अब व्यवहारमा लागू भएको छ। २५ करोड रुपैयाँसम्म स्थिर पूँजी भएका उद्योगहरूको दर्ता, नवीकरण, नियमन तथा प्रशासनिक अधिकार मधेश प्रदेश सरकार मातहत आएको छ ।

केन्द्र सरकारले हस्तान्तरण गरेको मझौला उद्योगसम्बन्धी फाइलहरू मधेश प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री कनिष पटेल ले प्रदेश सचिव जय कुमार घिमिरे को उपस्थितिमा प्रदेश उद्योग विभाग वीरगञ्जका निमित्त निर्देशक रिमा साह लाई औपचारिक रूपमा हस्तान्तरण गरेका हुन् ।

उद्योग विभाग, त्रिपुरेश्वर काठमाडौंले २५ करोड रुपैयाँसम्म स्थिर पूँजी भएका स्वदेशी लगानीका उद्योगहरूको अभिलेख फाइल प्रदेश सरकारलाई उपलब्ध गराएको हो। मन्त्रालयका अनुसार मधेश प्रदेशअन्तर्गत रहेका १८८ वटा उद्योगका सक्कली अभिलेख फाइल विवरणसहित हस्तान्तरण गरिएको



छ । औद्योगिक व्यवसाय ऐन, २०७६ अनुसार प्रदेश सरकारलाई दिइएको उद्योग प्रशासनसम्बन्धी अधिकार लामो समयसम्म कार्यान्वयन हुन सकेको थिएन। मन्त्री कनिष पटेलको पहलपछि संघीय सरकारबाट अधिकार हस्तान्तरण प्रक्रिया अघि बढेको हो। अब सम्बन्धित उद्योगहरूको दर्ता, नवीकरण, नियमन तथा प्रशासनिक काम प्रदेशबाटै हुने भएको छ । यसले उद्योगी व्यवसायीलाई सहज सेवा प्रदान गर्नुका साथै प्रदेशको राजस्व वृद्धि, लगानी विस्तार र रोजगारी सिर्जनामा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

मन्त्री पटेलले उद्योग प्रशासनको अधिकार प्रदेशमा आउनु संघीयताको प्रभावकारी कार्यान्वयनतर्फको महत्वपूर्ण उपलब्धि भएको बताएका छन् । उनले मधेश प्रदेशले थालेको पहलबाट अन्य प्रदेशले समेत लाभ पाउने अवस्था सिर्जना भएको बताए ।

# मधेशका खुद्रे योजना/कार्यक्रमहरुमा रोक

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १२ असार**

मधेश प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालयले चालु आर्थिक वर्षको रेडबुकमा समावेश भएका तालिम, गोष्ठी, सडक नाटक लगायतका साना कार्यक्रम कार्यान्वयनका लागि गत १९ जेठमा प्रस्ताव आह्वान गर्दै सूचना प्रकाशित गऱ्यो ।

१५ दिने सूचनामार्फत १० लाख रुपैयाँका ८ वटा, ९



लाख रुपैयाँका २ वटा र ८ लाख रुपैयाँको एउटा गरी ११ वटा योजना कार्यान्वयनको प्रक्रिया अघि बढाइएको थियो । तर ती योजना कार्यान्वयन नहुँदै रोकियो । योजना रोकिनुको मुख्य कारण हो, अर्थ मन्त्रालयको निर्णय र त्यसअनुसार जारी गरिएको परिपत्र । अर्थ मन्त्रालयले २६ जेठ र २ असारमा मन्त्रालय, सचिवालय, आयोग, प्रतिष्ठान तथा अन्य निकायलाई पत्राचार गर्दै १० लाख रुपैयाँसम्मका योजना कार्यान्वयन नगर्न निर्देशन दिएको छ ।

साथै, २५ जेठसम्म सम्झौता भएका योजनाको मात्रै भुक्तानी गर्नसमेत भनिएको छ । यस निर्णयप्रति शिक्षा तथा संस्कृति मन्त्रालयले भने असन्तुष्टि जनाएको छ ।

## तपाईको टुडे

मेष: लामो यात्राको योग छ
वृष: मनमा पछुतो आउने
मिथून: विचार गरेर बोल्नुहोला
कर्कट: अनावश्यक चिन्ता
सिंह: अनावश्यक खर्चको संभावना
कन्या: खानपानमा समस्या आउने
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: पढाईमा ध्यान दिनुपर्ने
धनु: मित्रतामा फाटो आउने
मकर: पिछडेको साथी मिल्ने
कूम्भ: शुभ कार्यको शुरुवात
मीन: आम्दानी हुने



## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

##  आवश्यक टेलिफोन नम्बरहरु 

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर  पुजाआजा 

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# १७ स्थानीय तहले आगामी आ.व. २०८३/०८४ को बजेट ल्याए




**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, १२ असार**

सप्तरीका १८ स्थानीय तह मध्ये १७ स्थानीय तहले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि असार १० गतेभित्र बजेट ल्याएका छन् । जिल्लाको खडक नगरपालिकाले भने अहिलेसम्म बजेट ल्याउन सकेको छैन ।

जिल्लाका राजविराज, सप्तकोसी, डाक्नेश्वरी, शम्भुनाथ, कञ्चनरूप, हनुमाननगर कंकालिनी, बोदेबरसाइन, सुरुंगा नगरपालिका तथा तिरहुत, अग्नीसाइर कृष्णासवरण, रूपनी, तिलाठी कोइलाडी, राजगढ, महदेवा, बलान बिहुल र विष्णुपुर गाउँपालिकाले तोकिएको समयमै बजेट तथा नीति-कार्यक्रम प्रस्तुत गरेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ अनुसार आगामी आर्थिक वर्षको अनुमानित बजेट असार १० भित्र गाउँरनगर सभामा पेस गर्नुपर्ने प्रावधान छ। पेस गरिएको बजेट असार मसान्तभित्र पारित गर्नुपर्ने व्यवस्था छ। सोहीअनुसार जिल्लाका १८ मध्ये १७ स्थानीय तहले समयमै बजेट पेस गरेका हुन् । राजविराज नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि १ अर्ब १५ करोड ४२ लाख ६९ हजार रुपियाँ बराबरको बजेट प्रस्तुत गरेको छ। हनुमाननगर कंकालिनी नगरपालिकाले ६४ करोड ८ लाख ५० हजार रुपियाँ बराबरको बजेट ल्याएको छ । यसैगरी तिलाठी कोइलाडी गाउँपालिकाले ४३ करोड ३६ लाख ४४ हजार रुपियाँ बराबरको बजेट प्रस्तुत गरेको छ। शम्भुनाथ नगरपालिकाले ९४ करोड ४० लाख ८२ हजार रुपियाँ बराबरको बजेट ल्याएको छ । कञ्चनरूप नगरपालिकाले ५९ करोड २४ लाख ३९ हजार ७ सय रुपियाँ बराबरको बजेट प्रस्तुत गरेको छ । सप्तकोसी नगरपालिकाले ४६ करोड १० लाख ६२ हजार ६ सय रुपियाँ बराबरको बजेट ल्याएको छ। डाक्नेश्वरी नगरपालिकाले असार ९ गते ७० करोड ७५ लाख रुपियाँ बराबरको बजेट प्रस्तुत गरेको छ । जिल्लामा सबैभन्दा पहिले रूपनी गाउँपालिकाले ६७ करोड ९३ लाख ९३ हजार रुपियाँ बराबरको बजेट ल्याएको थियो। दोस्रोमा सुरुंगा नगरपालिकाले ८९ करोड १० लाख ८० हजार रुपियाँ बराबरको बजेट ल्याएको छ। विष्णुपुर गाउँपालिकाले ३९ करोड ६९ लाख ३३ हजार रुपियाँ बराबरको बजेट प्रस्तुत गरेको छ। राजगढ गाउँपालिकाले ३८ करोड ४८ लाख ३३ हजार रुपियाँ बराबरको बजेट ल्याएको छ । बोदेबरसाइन नगरपालिकाले ८६ करोड २७ लाख ७० हजार रुपियाँ बराबरको बजेट प्रस्तुत गरेको छ ।

# साढे दुई करोड रुपियाँभन्दा बढी मूल्यका अवैध सामग्रीहरू बरामद

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, १२ असार**



सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ गण हेडक्वार्टर सिरहाले नेपाल-भारत सीमा क्षेत्रबाट अवैध रूपमा ओसारपसार गरिएका साढे दुई करोड रुपियाँभन्दा बढी मूल्यका सामग्रीहरू बरामद गरी भन्सार कार्यालयमा बुझाएको छ ।

गएको जेठ महिनामा मात्रै सीमा क्षेत्रबाट बरामद गरिएको एक करोड ८२ लाख ८८ हजार ६६० रुपियाँ बराबरको अवैध सामान ठाडी भन्सार कार्यालय माडर, सिरहामा बुझाइएको छ । यसैगरी, असार महिनाको १२ गतेसम्ममा ६३ लाख ८० हजार ४८४ रुपियाँ बराबरको किराना सामान, फर्सीको बीउ, मोटर पार्टस् तथा जिन्सी सामग्रीहरू बरामद गरी कुल दुई करोड ४६ लाख ६९ हजार १४४ रुपियाँ भन्सार कार्यालय माडरमा दाखिला गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।

यसअघि वैशाख महिनामा पनि सीमा क्षेत्रबाट एक करोड रुपियाँभन्दा बढी मूल्यका अवैध सामान बरामद गरी भन्सार बुझाइएको थियो । सीमित स्रोत र साधनका बाबजुद सशस्त्र प्रहरी बल सिरहाले गत वर्षको तुलनामा यस वर्ष बढी अवैध सामान बरामद गर्न सफल भएको हो । सीमा क्षेत्रको पूर्व-पश्चिम ४६ किलोमिटर क्षेत्रमा तस्करी नियन्त्रणका लागि बढाइएको सक्रियताका कारण तस्करहरूको चलखेलमा कमी आएको छ ।

सशस्त्र प्रहरी बल सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजङ्ग थापाले विगतको तस्करीको जालोलाई भत्काउँदै दिनरात सशस्त्र प्रहरीका जवानहरूले गोप्य सूचनाका आधारमा नेपालबाट भारत र भारतबाट नेपालतर्फ अवैध रूपमा भित्र्याइने सामान नियन्त्रणमा लिइरहेको बताउनुभयो । सीमा क्षेत्रमा सशस्त्र प्रहरीले तस्करी नियन्त्रण, विपद् व्यवस्थापन र सीमा गस्तीका कार्यहरू निरन्तर गर्दै आएको छ ।

खुला सिमानाका कारण हुन सक्ने सम्भावित तस्करी रोक्न सीमा क्षेत्रमा उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गरी २४ सै घण्टा गस्ती गर्ने गरिएको छ । यस प्रगतिलाई अझ बढी प्रभावकारी बनाउन जिल्लामा संयुक्त सुरक्षा गस्तीलाई समेत नियमित गर्ने कार्य भइरहेको सशस्त्र प्रहरी उपरीक्षक थापाले जानकारी दिनुभयो ।


# सूचना

मधेस प्रदेशको राजधानी जनकपुरधामको कुवा रामपुरमा यो सचिवालय रहेको छ । यस प्रदेशको माननीय प्रदेश सदस्यहरुले यस सभामा प्रदेशको समग्र विकासको लागि विभिन्न नीति तथा बजेटको तर्जुमा गरी सो कार्यान्वयनको लागि प्रस्ताव राख्ने तथा सो लागु गराउने प्रमुख भूमिका खेल्दछन् । प्रदेश सभा सचिवालले जारी गर्ने बैठक सम्बन्धी सूचना सबै माननीयहरुले जानकारी प्राप्त गरी सकेपछि यस सभामा अनिवार्य उपस्थित रहन आवश्यक हुन्छ ।

**प्रदेश सभा सचिवालय**
**मधेस प्रदेश,जनकपुरधाम, धनुषा**






**अनुरोधकर्ता**
**मटिहानी नगरपालिकाको कार्यालय**
**महोत्तरी , मधेश प्रदेश**



## सूचना

- पशुपन्क्षी तथा मत्स्य निर्देशनालयबाट जारी हुने उपभोक्तामूखी सूचनाको पालना गरौ ।
- पशुपन्क्षीलाई आवश्यक हेरचाह गरौं तथा पोषणयुक्त खाने कुरा खुवाऔं ।
- पशुपन्क्षीलाई कुनै रोग लागेमा वा कुनै स्वास्थ्य सम्बन्धी गरबरी भएमा, आवश्यक सल्लाह लिनु परेमा नजिकको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सम्पर्क गरौं ।
- माछा सम्बन्धी यस निर्देशनालयबाट दिइने विभिन्न तालिममा सहभागि भई माछा उत्पादनमा हातेमालो गरौं ।
- माछाको भुर्रा वा अन्य सम्बन्धमा कुनै जानकारी लिनु परेमा यस निर्देशनालयमा सम्पर्क गरौं ।
- पशुपन्क्षी तथा मत्स्य निर्देशनालयले किसानमूखि कार्यक्रमहरु संचालन गर्ने गराउने भएकोले समयमै सम्पर्क गरी मौकाको फाइदा उठाउनु होस् ।

**पशुपन्क्षी तथा मत्स्य निर्देशनालय,जनकपुरधाम**


# नेतृत्व संकट, नीतिगत असन्तुलन आ निजी......

नवप्रवर्तनक कार्यक्रम सेहो सञ्चालन करया शिक्षक प्रशिक्षण, प्रधानाध्यापक नेतृत्व विकास, डिजिटल शिक्षा, कृत्रिम बुद्धिमत्ता (ब्क्ष) सम्बन्धी अभिमुखीकरण, उत्कृष्ट विद्यालय सम्मान, अनुसन्धान तथा नवाचार कार्यक्रम शिक्षा क्षेत्रकें दीर्घकालीन लाभ पहुँचा सकैत अछि। स्थानीय सरकार यदि निजी आ सामुदायिक विद्यालय दुनूकें साझेदार बना क) आगाँ बढ़ैत अछि तँ सम्पूर्ण नगरक शैक्षिक स्तर उन्नत भ) सकैत अछि। दोसर दिस निजी विद्यालय सञ्चालकसभकें सेहो आत्ममूल्याङ्कन करबाक आवश्यकता अछि। केवल सरकारी नीतिक आलोचना पर्याप्त नैइ। पारदर्शी शुल्क प्रणाली, योग्य शिक्षक, अभिभावकसँ नियमित संवाद, आधुनिक शिक्षण पद्धति, नैतिक प्रशासन आ सामाजिक उत्तरदायित्व अपनाए बिना दीर्घकालीन विश्वास निर्माण कठिन रहत। जनकपुरधामक शिक्षा क्षेत्रकें राजनीतिक प्रतिस्पर्धाक माध्यम नैइ, मानव संसाधन निर्माणक आधार मानल जाए। शिक्षा क्षेत्रमे अस्थिरता अन्ततः विद्यार्थी, अभिभावक, शिक्षक आ सम्पूर्ण समाजक क्षति करैत अछि।

स्थानीय सरकार, निजी विद्यालय, सामुदायिक विद्यालय, अभिभावक तथा नागरिक समाज यी सभ पक्षकें संवाद, सहकार्य आ साझा उत्तरदायित्वक आधार पर आगाँ बढ़ब आवश्यक अछि। निष्कर्षतः प्रस्तुत विचार शिक्षा क्षेत्रमे उठि रहल चिन्तासभकें उजागर करैत अछि, मुदा समाधान आरोप-प्रत्यारोपमे नैइ, सन्तुलित, पारदर्शी, लगानीमैत्री तथा विद्यार्थी-केन्द्रित शिक्षा नीतिमे निहित अछि। जनकपुरधाम जँ वास्तवमे शिक्षाक केन्द्र बनय चाहैत अछि, तँ निजी विद्यालयकें शत्रु नैइ, विकासक सहयात्री मानि समान अवसर, स्पष्ट नीति, निष्पक्ष नियमन आ दूरदर्शी नेतृत्व प्रदान करब समयक प्रमुख आवश्यकता अछि। तखने शिक्षा क्षेत्र सुरक्षित, विश्वसनीय आ भविष्यउन्मुख बनि सकत।

सल्लाह, सुझाव एवं प्रतिक्रिया अपेक्षित,
murli.civilsociety@gmail.com

# ‘एलनिनो’ को छायामा नेपाली कृषि अर्थतन्त्र



-यस वर्ष एलनिनोको प्रभावका कारण नेपालमा मनसुन ढिलो आएको र वर्षा कम हुने प्रक्षेपण गरिएको छ। कम वर्षा र तापक्रम वृद्धिले कृषि तथा पशुपालनमा प्रतिकूल असर पार्दै किसानको आम्दानी र ग्रामीण अर्थतन्त्रमा दोहोरो मार परेको छ। जलवायुजन्य जोखिम न्यूनीकरणका लागि वैज्ञानिक सिँचाइ व्यवस्थापन, ताप सहन सक्ने बालीको छनोट र पूर्वतयारीमा राज्यको लगानी आवश्यक देखिन्छ। हरेक वर्ष जुन १३ मा नेपालमा मनसुन आगमन हुन्छ। तर, यस वर्ष निर्धारित समयभन्दा केही ढिलो आगमन भयो। जल तथा मौसम पूर्वानुमान विभागको बुलेटिनअनुसार, यस वर्ष निर्धारित समयभन्दा केही दिन ढिलो नेपालमा मनसुन प्रवेश गऱ्यो। गत वर्ष निर्धारित समयभन्दा १५ दिनअघि मनसुन आगमन भएको थियो। यो आलेख तयार पारिसक्दा नेपालका सबै ठाउँमा मनसुन पुगिसकेको छैन। विभागको बुलेटिनमा सबैभन्दा बढी चर्चा गरिएको विषय थियो- ‘एलनिनो’। एलनिनो अर्थात् प्रशान्त महासागरमा बेला-बेला सक्रिय हुने प्राकृतिक तथा जलवायुसम्बन्धी मौसमी प्रणाली। एलनिनोका कारण यस वर्ष मनसुनको आगमन पनि ढिला हुने र सरदरभन्दा कम वर्षा हुने विभागको प्रक्षेपण छ। यो आलेख तयारी पारिरहँदा नेपालमा मनसुन भित्रिएको छ। देशका विभिन्न ठाउँमा वर्षा भइरहेको छ। एलनिनोको प्रभावले नेपालमा यसअघि सन् २०२३, २०१९, २०१६, २००९, २००२ का वर्षहरूमा निर्धारित समयभन्दा ढिलो मनसुन आगमन भएको थियो। ती वर्षमा खडेरी पर्दा धान, मकैलगायत बालीको उत्पादनसमेत घटेको थियो। प्रशान्त महासागरमा ट्रेड विन्ड्स कमजोर हुँदा तातो पानी पूर्व अमेरिकातिर सर्ने र मौसम प्रणाली बदलिने एक नियमित प्रक्रिया हुन्छ। ट्रेड विन्डस भूमध्यरेखीय क्षेत्रमा वर्षैभरि बहन्छ। यो हावा निरन्तर पूर्वबाट पश्चिमतर्फ बहने गर्छ। ट्रेड विन्ड्सले नै समुद्रको तातो पानी धकेलेर विश्वको मौसम प्रणालीलाई नियन्त्रण गर्छ। प्रशान्त महासगर भौगोलिक हिसाबले हामीभन्दा धेरै टाढा छ। तर, जलवायु विज्ञानको नजरबाट हेर्ने हो भने यो फरक होइन। जलवायुले भूगोलको दूरी बुझ्दैन। जब भूमध्यरेखीय प्रशान्त महासगरको सतह असामान्य रूपमा तातिन्छ तब एलनिनो सक्रिय हुन्छ। यसले सिंगो विश्वको वायुमण्डलको बहाव र वायुको चापलाई नै खल्बल्याइदिन्छ। यसैको प्रभावले दक्षिण एसियामा बहने मनसुनी हावाको गतिलाई कम गराइदिन्छ। यसको प्रत्यक्ष असर हाम्रो देशमा देखिन्छ। त्यो भनेको वर्षाको मात्रा र वर्षा हुने दुवै घट्छ। यसको प्रभाव सिंगो मुलुक र मनुसनी प्रणालीमा आधारित हाम्रो रहनसहन र जीवनशैलीमा पर्छ।

सामान्य अवस्थामा एसियातर्फ वर्षा गराउने मनसुनी प्रणालीमा फेरबदल हुँदा नेपाल, भारतजस्ता दक्षिण एसियाली मुलुकमा मनसुन कमजोर हुन्छ। मनसुन कमजोर हुँदा खडेरी पर्छ, गर्मी बढ्छ। यो वर्षको मध्यतिर जलवायु तटस्थ रहने सम्भावना भए पनि जुलाईदेखि सेप्टेम्बरसम्म एलनिनो विकसित हुने विश्व मौसम संगठनले अनुमान गरिसकेको छ। संगठनले यी महिनामा एलनिनो पूर्णतः विकसित भएर सुपर एलनिनोसमेत हुन सक्ने प्रक्षेपण गरेको छ। एलनिनो बलियो रूपमा विकसित हुँदा कृषि तथा पशुपालनको क्षेत्रमा असर पर्ने प्रक्षेपण छ।

संगठनले यी महिनामा एलनिनो पूर्णतः विकसित भएर सुपर एलनिनोसमेत हुन सक्ने प्रक्षेपण गरेको छ। एलनिनो बलियो रूपमा विकसित हुँदा कृषि तथा पशुपालनको क्षेत्रमा असर पर्ने प्रक्षेपण छ। संयुक्त राष्ट्रसंघको विश्व खाद्य कार्यक्रम र खाद्य तथा कृषि संगठनको एक प्रतिवेदनअनुसार, एलनिनोका कारण विश्वका २६ करोड ६० लाखभन्दा बढी मानिस खाद्य असुरक्षाको चपेटामा परेका छन्। नेपालमा पनि जब-जब एलनिनो सक्रिय हुन्छ तब हाम्रो कृषि प्रणालीलाई असर पार्छ।

**साभार : कान्तिपुर।**


## सूचना

कम्पनीको मिति २०८३/०२/२६ मा सम्पन्न विशेष/बार्षिक साधारण सभाको निणर्य बमोजिम कम्पनीको साविक नाम (**भेषभूषा टेक्नोलोजीज प्रा. लि.२७३७५३/०७८/०७९**) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम (**वन एग्रो टेक प्रा. लि.२७३७५३/०७८/०७९**) को कम्पनीले सकार्ने व्यहोर्ने र नामका सम्बन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा त्यस कम्पनीको नाम परिवर्तन गरी मिति २०८३/०३/१० को निर्णयानुसार **वन एग्रो टेक** प्रा.लि. कायम गरिएको छ।

## सूचना !

सडक हामी सबैको सम्पत्ति हो, सडक सीमाको अतिक्रमण नगरौं, सडक सीमाभित्र फोहर, गोबर, खरानी लगायतका सामानहरु नराखौं, निर्माण सामाग्री, ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं, सडक दुर्घटनाबाट जोगिऔं र अरुलाई पनि जोगाऔं।

**सडक डिभिजन कार्यालय,धनुषा**

## जलश्रोत र सिंचाईमा ध्यान दिऔं

- जलश्रोतको मुहान पहिचान गरौं र सिंचाईलाई सुलभ बनाऔं।
- पानी मुहान, सिमसार, तालतलैयाको संरक्षण गरौं, जैविक विविधतालाई संचित राखौं।
- खाली जग्गाहरुमा वृक्षारोपण गरौं, जलश्रोत तथा सिंचाईको विकासमा अमूल्य योगदान गरौं।
- खोला किनारमा रुख रोपौं, नदी कटान बाढी रोकथाम गर्दै विपद् व्यवस्थापनमा सहयोग गरौं।
- आफ्नो टोल, गाउँ नगर तथा सार्वजनिक स्थल र बातावरण सफा राखौं।
- जलश्रोतको उच्च उपयोग गरौं र सिंचाईको उपलब्धतामा ध्यान दिऔं।
- स्थानिय सरोकारबालाहरुसँग हातेमालो गरी जलश्रोत र सिंचाईबारे सहयोग लिऊ।
- जलश्रोत तथा सिंचाईको विकास तथा प्रबर्द्धनमा सबैको पारस्परिक सहयोगको आवश्यकता रहेकोले सबैले सबैलाई सहयोग गर्ने बातावरण तयार गर्नु पर्दछ।

**जलश्रोत तथा सिंचाई विकास डिभिजन**
**जनकपुरधाम,धनुषा**

## बन जंगल डढेलोबाट जोगाउँ

बन अतिक्रमण गर्ने कार्य कानून विपरित हो। त्यस्ता कार्य गर्नेलाई चेतना प्रदान गरौं। वन पैदावार जडीबुटीको अबैध ओसार पोसार र जीवजन्तुको अबैध शिकार नगरौं।
वन विनाश हुन नदिऊ साथै बृक्षारोपण गरौं।
सडकको पेटीमा रुख रोपौं,पर्यावरण सफा र स्वस्थ्य राखौं। वन हाम्रो जिवनको आधार हो भने जिवजन्तुको वासस्थान पनि हो।

**डिभिजन वन कार्यालय**
**जनकपुरधाम,धनुषा**




**अनुरोधकर्ता**
**बिदेह नगरपालिकाको कार्यालय**
**धनुषा,मधेश प्रदेश**


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday